# इनरुवा नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः १** **संख्याः ८** **मितिः २०८०।१२।२६**

## भाग-१

## इनरुवा नगरपालिका, सुनसरी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी इनरुवा नगरपालिकाबाट सर्वसाधरणको जानकारीको लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

## इनरुवा नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता ऐन, २०८०

नगर सभाबाट स्वीकृत मितिः २०८०।१०।२७

प्रमाणीकरण मितिः २०८०।१२।२५ गते

# Og?jf gu/kflnsfsf] vfg]kfgL, ;/;kmfO tyf :jR5tf ljwo]s, @)*)

**प्रस्तावना**

स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवामा पहुँच प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गरी खानेपानी तथा सरसफाइ सेवा संगठित संस्थाहरुका माध्यमबाट सहज र दिगो रुपमा स्वच्छ तथा गुणस्तरीय खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सेवा उपलब्ध गराउन, ढल निकास तथा फोहर पानीको व्यवस्थापन गर्न र ठोस एवम् दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ र नेपालको संविधानको धारा २२५ बमोजिम इनरुवा नगरपालिकाको नगर सभाले यो ऐनको तर्जुमा गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम इनरुवा नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता विधेयक, २०८० रहेको छ।

(२). यो ऐन प्रमाणीकरण भई राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "अनुमतिपत्र" भन्नाले दफा १४ बमोजिमको अनुमतिपत्र सम्झनुपर्छ।

(ख) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने संगठित संस्था सम्झनुपर्छ।

(ग) "आयोजना" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत्सम्बन्धी अन्य कार्य गर्ने उद्धेश्यले सञ्चालित आयोजना सम्झनुपर्छ।

(घ) "उपभोक्ता" भन्नाले खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा उपयोग गर्ने व्यक्ति, संस्था वा निकाय सम्झनुपर्छ।

(ङ) "उपभोक्ता संस्था" भन्नाले सामुदायिक रुपमा सामुहिक हितका लागि खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा सञ्चालन गर्ने सामुदायिक संस्था सम्झनुपर्छ।

(च) "खानेपानी तथा सरसफाइ उपभोक्ता समिति" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा उपयोग गर्ने उपभोक्ता घरधुरी सदस्यहरुले उपभोक्ता संस्थाको रुपमा सामुदायिक संस्थाको विधान बमोमिज साधारण सभा वा अधिवेशनबाट गठन वा निर्वाचित हुने समितिलाई जनाउँदछ।

(छ) "खानेपानी सेवा" भन्नाले खानेपानीको सञ्चयन, स्थानान्तरण तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगका लागि खानेपानीको आपूर्ति गर्ने कार्य सम्झनुपर्छ। यस शब्दले थोक, ट्यांकर वा बोतलबन्दी रुपमा खानेपानी उपलब्ध गराउने कार्यलाई समेत जनाउँछ।

(ज) "खानेपानीको सार्वजनिक उपयोग" भन्नाले सार्वजनिक रुपमा जडान भएका धाराबाट उपभोक्ताका लागि वितरण हुने खानेपानीको उपयोग सम्झनुपर्दछ । यस शब्दले अग्नी नियन्त्रण लगायत अत्यावश्यक अवस्थामा सार्वजनिक स्थानहरुमा प्रयोग गर्ने पानीको उपयोगलाई समेत जनाउँछ ।

(झ) "खानेपानीको संस्थागत उपयोग" भन्नाले सरकारी, सार्वजनिक, व्यवसायिक वा व्यापारिक संस्थाहरुले प्रयोग गर्ने खानेपानीको उपयोग सम्झनुपर्छ । यस शब्दले औद्योगिक संस्थाहरुले औद्योगिक प्रयोजन बाहेकका लागि उपयोग गर्ने खानेपानीलाई समेत जनाउँछ ।

(ञ) "गुणस्तरीय खानेपानी" भन्नाले मानव तथा पशु स्वास्थ्यका लागि हानीकारक तत्व नभएको, खानेपानी गुणस्तर मापदण्ड २०७९ ले निर्धारण गरे बमोजिमको गुणस्तरयुक्त र स्वच्छ खानेपानी सम्झनुपर्छ ।

(ट) "घरेलु उपयोग" भन्नाले पिउन, हातमुख तथा लुगा धुन, नुहाउन, खाना बनाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, करेसाबारी, शौचालय वा यस्तै अन्य व्यक्तिगत तथा घरायसी प्रयोजनका लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनुपर्छ ।

(ठ) "शौचालय" भन्नाले मानव मलमूत्र सुरक्षित रुपमा मानव सम्पर्कबाट अलग गर्ने सुविधा सहितको संरचनालाई जनाउँछ ।

(ड) "ढल निकास" भन्नाले मानव मलमूत्र सहित वा रहित फोहरपानीलाई सतही वा भूमिगत ढल प्रणाली वा कुनै अन्य तरिकाबाट संकलन र स्थानान्तरण गर्ने कार्य सम्झनुपर्छ ।

(ढ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन वा ऐन अन्तर्गत बनेको नियमावली वा कार्यविधि तथा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ण) "पानीको श्रोत" भन्नाले प्राकृतिक रुपमा पानी निसृत हुने नदी, खोला, ताल, पोखरी, इनार, कुवा, मूलजस्ता सतही वा भूमिगत जलश्रोत सम्झनुपर्छ र सो शब्दले आकासे पानी तथा पानीको आपूर्ति गर्ने मानव निर्मित संरचनालाई समेत जनाउँछ ।

(त) "फोहोर पानी" भन्नाले घरेलु, सार्वजनिक तथा संस्थागत उपयोग पश्चात् निस्काशन हुने मानव मलमूत्र सहित वा रहितको फोहोर पानी सम्झनुपर्छ र सो शब्दले फोहोर पानीसँग मिसिएर आउने वर्षातको पानीलाई समेत जनाउँछ ।

(थ) "सरसफाइ सेवा" भन्नाले फोहर पानी व्यवस्थापन, वातावरणीय सरसफाइ तथा स्वच्छता कायम राख्ने, ठोस तथा तरल फोहर संकलन, प्रशोधन तथा व्यवस्थापन गर्ने कार्य सम्झनुपर्छ । यस शब्दले पानीको श्रोतको संरक्षण गर्न ढल निकास प्रणाली, फोहर पानी प्रशोधन प्रणाली तथा सार्वजनिक शौचालयको निर्माण, सञ्चालन तथा प्रवर्द्धन र व्यवस्थापन गर्ने कार्यलाई समेत जनाउँछ ।

(द) "स्वच्छता" भन्नाले नियमित रुपमा शौचालयको प्रयोग गर्ने, जोखिमपूर्ण अवस्थामा साबुन पानीले हात धुने, घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धीकरण गर्ने, व्यक्तिगत सरसफाइ कायम गर्ने, घरभित्र र बाहिरका तरल तथा ठोस फोहरमैलाको उचित व्यवस्थापन गरी पूर्ण स्वच्छता कायम गर्ने व्यवहारलाई समेत जनाउँछ ।

(ध) "संगठित संस्था" भन्नाले खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा सञ्चालन गर्नका लागि यस ऐन तथा अन्य प्रचलित कानुन बमोजिम दर्ता भई स्थापना भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई जनाउँछ । यस शब्दले प्रचलित कानुन बमोजिम खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने उद्धेश्यले स्थापना भएका अन्य संस्थालाई समेत जनाउँछ ।

(न) "सेवा प्रणाली" भन्नाले खानेपानीको मुहान, पाइप, प्रशोधन संयन्त्र, जल भण्डारढा संरचना, जलाशय वा सरसफाइ सेवासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना

सम्झनुपर्छ र सो शब्दले खानेपानी तथा सरसफाइ सेवासँग आवद्ध भएको घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत जनाउँछ ।

(प) “सेवा प्रदायक” भन्नाले खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सेवा उपलब्ध गराउने उपभोक्ता संस्था, खानेपानी व्यवस्थापन बोर्ड वा अनुमतिपत्र प्राप्त संस्था सम्झनुपर्छ ।

(फ) “सेवा क्षेत्र” भन्नाले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी, सरसफाइ र स्वच्छता सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि निर्धारण गरिएको वा अनुमतिपत्रमा उल्लेख गरिएको क्षेत्र सम्झनुपर्छ ।

(ब) “तारा पद्धति” भन्नाले विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाको अनुगमन र प्रमाणीकरण गरी स्तर निर्धारण गर्ने प्रक्रियालाई जनाउँछ ।

(ब) “नगरपालिका” भन्नाले इनरुवा नगरपालिकालाई सम्झनुपर्छ ।

## परिच्छेद २

## खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार र खानेपानी प्रणाली सम्बन्धी व्यवस्था

**३. खानेपानी तथा सरसफाइमा पहुँचको अधिकारः** (१) यस इनरुवा नगरपालिकामा रहेका प्रत्येक नागरिकलाई विना भेदभाव स्वच्छ खानेपानी तथा सरसफाइमा सहज र सुलभ पहुँचको अधिकार हुनेछ । यस ऐन तथा प्रचलित कानुन बमोजिम त्यस्तो अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र परिपूर्ति हुनेछ ।

(२) उपदफा (१) बमोजिमको खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार अन्तर्गत यस इनरुवा नगरपालिकामा प्रत्येक नागरिकलाई देहायको अधिकार हुनेछ :

(क) उपभोक्ता संस्था स्थापना गर्ने अधिकार र स्वच्छ खानेपानी तथा सरसफाइमा सहज र सुलभ पहुँचको अधिकार

.(ख) नियमित रुपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार

(ग) गुणस्तरीय सरसफाइमा सहज र सुलभ रुपमा पहुँचको अधिकार

(३) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन, परिपूर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी इनरुवा नगरपालिका र सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ । यसका लागि इनरुवा नगरपालिका र सम्बन्धित उपभोक्ता संस्थाले नेपाल सरकार, प्रदेश सरकार र विकास साझेदारसँग आवश्यक समन्वय गरी सहयोग प्राप्त गर्न सक्नेछन् ।

(४) यस इनरुवा नगरपालिकाले आफ्नो क्षेत्रमा रहेका उपभोक्ता संस्थाहरुले आपूर्ति गर्ने खानेपानीको सुविधास्तर निर्धारण गर्न सक्नेछ र यस प्रयोजनका लागि खानेपानीको सुविधास्तरको लागि उपभोक्ता संस्थाहरुसँग छलफल गरी आवश्यक सूचकहरु निर्धारण गर्न सक्नेछ ।

**४. खानेपानीका श्रोतमाथिको अधिकार :** (१) यस इनरुवा नगरपालिकामा जलश्रोतको उपयोग गर्दा खानेपानीलाई पहिलो प्राथमिकता प्रदान गरिने छ ।

.(२) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए पनि घरेलु उपयोगका लागि पानीको उपयुक्त परिमाणको व्यवस्था गरेरमात्र जलश्रोतको उपयोगसँग सम्बन्धित सिंचाइ, जलविद्युतजस्ता आयोजना र अन्य प्रयोजनको लागि प्रयोग गर्नुपर्नेछ ।

(३) यस ऐन तथा प्रचलित कानुन बमोजिम कुनै उपभोक्ता संस्था वा समुदायले सामुदायिक हित हुनेगरी परम्परागत रुपमा वा उपभोक्ता संस्थाका माध्यमबाट घरेलु, सार्वजनिक र संस्थागत प्रयोजनका लागि उपयोग गर्दै आएको खानेपानीको परिमाण बराबरको जलश्रोतमा सोही प्रयोजनको लागि त्यस्तो उपभोक्ता संस्था वा समुदायको अधिकार सुरक्षित रहनेछ ।

(४) कुनै पनि खानेपानी प्रणालीबाट उपलब्ध भएको खानेपानी सेवा कुनै कारणले प्रभावित हुने भएमा अर्को वैकल्पिक व्यवस्था नभएसम्म प्रभावित व्यक्ति, बस्ती, समुदाय र सामाजिक संस्थालाई सो खानेपानी प्रणालीबाट सेवा प्राप्त गर्ने अधिकार सुरक्षित रहेनछ ।

(५) खानेपानी तथा सरसफाइ सेवासँग सम्बन्धित प्रणाली तथा संरचनालाई प्रतिकूल असर पर्नेगरी अन्य कुनै निकाय वा विकास परियोजनाले कुनै संरचना बनाउनुपरेमा प्रभावित उपभोक्ता संस्था सम्बन्धीत वडासंग समन्वय गरी नगरपालिकाको स्वीकृतीमा गर्नु पर्नेछ ।

(६) कुनै विकास परियोजना वा आयोजनाका कारण उपभोक्ता संस्थाद्वारा सञ्चालित वा परम्परागत रुपमा सञ्चालित खानेपानी आपूर्ति प्रणाली वा संरचनामा क्षति भएमा सो परियोजना वा आयोजनाले प्रभावित उपभोक्ता संस्थालाई न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउनुका साथै प्रभावित खानेपानी प्रणाली र संरचनाको मर्मतसम्भार गर्नुपर्नेछ ।

(७) कुनै व्यक्ति वा संगठित संस्था वा कुनै समूहले खानेपानी तथा सरसफाइ सेवा प्रदान गरिरहेको व्यक्ति, संगठित संस्था वा उपभोक्ता संस्थाले निर्माण गरेको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी संरचना, सेवा, उपकरण, पाइपलाइन, ढल प्रणाली आदिमा कुनै पनि क्षति पुऱ्याएमा क्षति पुऱ्याउने पक्षले क्षतिपूर्ति तिर्नुपर्ने छ र यो ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

(८) नेपाल सरकार वा प्रदेश सरकारले यस इनरुवा नगरपालिकामा रहेको खानेपानीका श्रोत वा भूमिगत श्रोतबाट खानेपानी संकलन तथा प्रशोधन गरी निर्यात वा अन्य कुनै व्यापार गर्न कुनै संस्थालाई अनुमतिपत्र दिनुपूर्व सम्बन्धित वडा कार्यालय, इनरुवा नगरपालिका र प्रभावित उपभोक्ता संस्था वा समुदायको सहमति लिनुपर्ने छ ।

५. **पानीको श्रोत तथा मुहानको संरक्षण :** (१) खानेपानी तथा सरसफाइमा योगदानका लागि खानेपानीका मुहान तथा श्रोत संरक्षण गर्नु सबै नागरिक, स्थानीय समुदाय, संघसंस्था र निकायको कर्तव्य हुनेछ ।

(२) यस इनरुवा नगरपालिकामा रहेका खानेपानीको श्रोत संरक्षणका लागि सम्बन्धित उपभोक्ता संस्थाहरुको समन्वयमा देहाय बमोजिमका कार्यहरु गर्नुपर्नेछ :

(क) खानेपानीको श्रोत संरक्षणको लागि जलाधार, तालतलैया, पानी निश्रृत भएर आउने मूलाधार, सीमसार, पोखरी र वन क्षेत्र संरक्षण गरी बाढी, डुबान, कटान नियन्त्रण गर्ने र खानेपानीको मूल वा मुहानलाई दिगो बनाई राख्न नियमित रुपमा मर्मतसम्भार र सरसफाइ गर्ने

(ख) खानेपानीको श्रोतलाई प्रदूषित हुन नदिने र पानीको श्रोत नष्ट वा लोप हुनबाट बचाउने

(ग) जमिनमूनीको पानीको भरणका लागि आवश्यक पुनर्भरण पोखरी निर्माण गरी सञ्चालन गर्ने

(घ) खानेपानीको संरक्षण र समुचित उपयोगका बारेमा खानेपानी उपभोक्ता वा सम्बन्धित पक्षहरुलई सचेतना अभिवृद्धि गर्ने

(ङ) खानेपानीको श्रोत प्रदूषित हुन नदिन तथा पानीको मूल वा बहाव क्षेत्रको संरक्षणका लागि चरिचरण व्यवस्थापन गर्न तथा आगलागी नियन्त्रण गर्न समुदायलाई प्रोत्साहन गर्ने

(च) खानेपानीको श्रोत प्रभावित हुनेगरी विषादी वा विष्फोटक पदार्थ प्रयोग गर्न बन्देज गर्ने

(छ) खानेपानीको श्रोतमा हुने प्रदूषण नियन्त्रणका लागि आवश्यक पर्ने अन्य कार्यहरु गर्ने

(३) यस इनरुवा नगरपालिकामा रहेका उपभोक्ताले अन्य छिमेकी स्थानीय तहमा सञ्चालित खानेपानी आयोजनाबाट पानी ल्याएको भएमा त्यस्तो क्षेत्रको खानेपानीको श्रोत संरक्षणका लागि सम्बन्धित स्थानीय तहसँग समन्वय गर्नुपर्ने छ भने इनरुवा नगरपालिकाबाट अन्य स्थानीय तहले पानी लैजानका लागि नगरपालिकाबाट स्वीकृति लिनुपर्नेछ।

(४) व्यापारिक तथा नाफामूलक प्रयोजनका लागि खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त संस्थाले आफ्नो श्रोत साधन प्रयोग गरी उपदफा (२) बमोजिमका कार्यहरु गर्नुपर्नेछ।

(५) व्यापारिक तथा नाफामूलक प्रयोजनका लागि खानेपानी आपूर्ति गर्ने संस्थाले डिप बोरिङजस्ता प्रविधिको प्रयोग गरी जमिनमुनीको पानी निकाल्दा तत्काल प्रयोग भैरहेका हाते कलजस्ता अन्य श्रोतहरुबाट आपूर्ति हुने पानी प्रभावित भएमा सोको क्षतिपूर्ति त्यस्ता संस्थाले नै दिनुपर्ने छ।

(६) खानेपानीको प्रयोजनका लागि निर्माण गरिएका कुनै पनि प्रकारका धाराहरुबाट पानी प्रयोग गर्ने समयमा बाहेक अन्य समयमा पानी खेर फाल्न पाइने छैन।

६. **खानेपानी तथा सरसफाइ सेवाको सञ्चालन तथा व्यवस्थापन :** (१) इनरुवा नगरपालिकाले गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवाको सञ्चालन तथा व्यवस्थापन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवा सञ्चालन तथा व्यवस्थापन गर्दा नगरपालिका आफैले वा उपभोक्ता संस्था लगायतका संगठित संस्थामार्फत गराउन सक्नेछ।

(३) खानेपानी तथा सरसफाइ सेवा सञ्चालन तथा व्यवस्थापन इनरुवा नगरपालिका आफैले वा आफ्नो स्वामित्वमा रहेको संगठित संस्थामार्फत गर्नेछ।

(४) अनुमतिप्राप्त संस्थाले अनुमतिपत्रमा तोकिएको खानेपानी क्षेत्रभित्र खानेपानी प्रणालीबाट तोकिएको परिमाणमा नियमित रुपमा खानेपानी सेवा उपलब्ध गराउनु पर्ने छ।

(५) अनुमतिप्राप्त संस्थाले उपदफा (४) बमोजिम नियमित रुपमा वितरण गर्न नसकेमा वैकल्पिक व्यवस्थाद्वारा उपयुक्त गुणस्तर र परिमाणको खानेपानी उपभोक्तालाई उपलब्ध गराउनुपर्ने छ।

(५) अनुमतिपत्र प्राप्त संस्थाले आफ्नो सेवा क्षेत्रभित्र आफूले उपलब्ध गराएको समय तालिका बमोजिम नियमित रुपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शूल्क वा महसुल लिन पाउने छैन।

(६) खानेपानी तथा सरसफाइ उपभोक्ता समिति वा संस्था र अनुमतिप्राप्त अन्य संस्थाले आफूले सञ्चालन गरेको खानेपानीको आपूर्ति प्रणालीको आधारभूत जानकारी (पानीको श्रोत र परिमाण, उपभोक्ता घरधुरी संख्या र जनसंख्या, पदाधिकारी, लैंगिक तथा सामाजिक समावेशीकरणको अवस्था, लगानी रकम, शूल्क तथा महसुल दर, सम्पर्क र गुनासो सुनुवाइ संयन्त्र आदि) बारे सूचना तयार गरी सार्वजनिक स्थलमा राख्नुपर्नेछ।

७. **खानेपानी आयोजना र संरचनाको हस्तान्तरण :** (१) इनरुवा नगरपालिकामा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले विकास र निर्माण गरेका खानेपानी तथा सरसफाइ आयोजना र सो सम्बन्धी संरचनाहरु खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थाहरुलाई हस्तान्तरण गर्न सकिने छ।

(२) व्यवसायिक तथा व्यापारिक प्रयोजनका लागि संगठित संस्थाले सञ्चालन गरेका खानेपानी तथा सरसफाइ आयोजना र सोको संरचनाहरु उक्त संगठित संस्थाले पाएको अनुमतिपत्रको अवधि सकिएपछि वा अनुमतिपत्र खारेज भएको अवस्थामा सो आयोजना र सोको संरचनाहरु स्वतः इनरुवा नगरपालिकाको हुनेछ । यी संरचनाहरु सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी आवश्यकता अनुसार इनरुवा नगरपालिकाले खानेपानी तथा सरसफाइ उपभोक्ता समितिजस्तै संगठित सामुदायिक संस्था वा अन्य संगठित संस्थालाई निश्चित अवधिका लागि हस्तान्तरण समेत गर्न सक्नेछ।

## परिच्छेद ३
## उपभोक्ता संस्था सम्बन्धी व्यवस्था

८. **खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको गठन :** (१) इनरुवा नगरपालिकाको कुनै क्षेत्र वा बस्तीमा सामुदायिक हित र सामुहिक लाभका लागि संस्थागत रुपमा जलश्रोतको उपयोग गरी खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा सञ्चालन र उपयोग गर्न चाहने उपभोक्ताले खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन गर्न सक्नेछन्।

(२) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था निस्क्रिय भएको अवस्थामा नगरपालिकाले सहजीकरण गरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था पुनर्गठन गर्न सक्नेछ।

(३) यस ऐन लागू हुनुपूर्व नै नेपाल सरकारका कुनै आधिकारिक निकायमा दर्ता भएका उपभोक्ता संस्था यस ऐन प्रारम्भ भएपश्चात् नगरपालिकामा विधान, प्रगति विवरण र अन्य आधारभूत विवरण सहित सूचीकृत हुनुपर्नेछ।

(४) उपदफा (३) को प्रयोजनका लागि जिल्ला जलश्रोत समितिले आफ्नो कार्यालयमा दर्ता रहेका तर, यस नगरपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारीभित्र पर्ने खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुको दर्ता, अभिलेख, फाइल र सम्बन्धित कागजातहरु यो ऐन प्रारम्भ भएको मितिले एक सय असी दिनभित्र यस नगरपालिकामा हस्तान्तरण गर्नुपर्ने छ।

(५) प्रचलित कानुन बमोजिम नगरपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी अन्तर्गत पर्ने किसिमका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरु गठन भएमा उपभोक्ता संस्थाको विधान सहित उपभोक्ता संस्था दर्ताका लागि सम्बन्धीत वडाको सिफारिस सहित नगरपालिका समक्ष निवेदन दिनुपर्नेछ।

(६) उपदफा (५) बमोजिम पेश भएको विधान अनुसारको उपभोक्ता संस्था दर्ता गर्न सामाजिक, आर्थिक र प्राविधिक दृष्टिकोणले उपयुक्त देखिएमा नगरपालिकाले विधान स्वीकृत गरी उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र प्रदान गर्नुपर्ने छ।

(७) प्रचलित कानुन बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको क्षेत्राधिकार अन्तर्गत पर्ने किसिमका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुले यस नगरपालिकाको क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्दै आएको भएमा उक्त संस्थाको दर्ता प्रमाणपत्र,

विधान र खानेपानीको श्रोत सहितको विवरण यो ऐन प्रारम्भ भएको एक सय असी दिनभित्र यस नगरपालिकामा अभिलेखको रुपमा राख्नका लागि उपलब्ध गराउनुपर्ने छ।

(८) नगरपालिकामा दर्ता वा अद्यावधिक भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्रमा आफ्नो लेखा परीक्षण प्रतिवेदन र वार्षिक प्रगति प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नुपर्नेछ।

(९) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले आफूले उपयोग गर्दै आएको खानेपानीको श्रोत उपयोग अनुमतिपत्रलाई प्रत्येक पाँच वर्षमा नगरपालिकाले तोकेको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ।

(१०) कुनै क्षेत्रमा रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरु एकापसमा गाभिन वा आवश्यकताका आधारमा अलग हुन चाहेमा सोको निर्णय नगरपालिकाले गर्नेछ।

(११) उपभोक्ता संस्था सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. **खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था संगठित संस्था हुने :** (१) यस ऐन तथा प्रचलित कानुन बमोजिम दर्ता भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ।

(२) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ।

(३) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ। तर अचल सम्पती बेच बिखन गर्दा नगरपालिकाको स्वीकृती लिनु पर्नेछ।

(४) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजुर गर्न र उपभोक्ता संस्थाउपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

१०. **उपभोक्ता संस्थाको कार्य समिति** : (१) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको कार्यसमिति कम्तिमा सात र बढीमा ११ सदस्यीय हुनुपर्नेछ। कार्य समिति गठन गर्दा उपभोक्ता संस्थाको क्षेत्रभित्रका विभिन्न जातजातिको प्रतिनिधित्व र सामाजिक समावेशीकरणलाई ध्यान दिनुपर्ने छ।

(२) उपभोक्ता संस्थाको कार्य समितिमा कम्तिमा ५० प्रतिशत महिला प्रतिनिधि हुनुपर्नेछ र अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तिमा दुई पदमा महिला पदाधिकारी हुनुपर्ने छ।

(३) उपभोक्ता संस्थामा अपांगता भएका व्यक्ति र संस्थाको सेवा क्षेत्र भित्रका बाल सञ्जालको संस्थागत प्रतिनिधित्व भएको हुनुपर्ने छ।

(४) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको कार्य समितिको कार्यकाल तीन वर्षको हुनेछ।

(५) कुनै पनि व्यक्तिले अध्यक्षको रुपमा बढीमा दुई कार्यकाल मात्र काम गर्न पाउने छ र कुनै पनि व्यक्ति कुनै एउटै पदमा दुई पटकभन्दा बढी दोहोरिएर पदाधिकारी बन्न पाउने छैन।

(६) उपभोक्ता संस्थाको कार्य समितिको गठन वा विघटन उपभोक्ता संस्थाको साधारण सभाको आयोजना गरिने अधिवेशनले मात्र गर्न सक्नेछ। तर, तोकिएको समय भन्दा बढी समयसम्म निस्कृय रहेका उपभोक्ता समिति र प्रचलित कानूनको उल्लघन गर्ने उपभोक्ता समितिलाई नगरपालिकाले विघठन गर्न सक्नेछ।

(७) उपभोक्ता संस्थाको प्रत्येक वर्ष साधारण सभा आयोजना गरी वार्षिक कार्यक्रम र लेखा परीक्षण प्रतिवेदन पारित गर्नुपर्नेछ र आवश्यकता अनुसार विशेष साधारण सभा समेत आयोजना गर्न सकिने छ ।

(८) उपभोक्ता संस्थाको साधारण सभा वा अधिवेशन आयोजना गर्नका लागि नगरपालिका र सम्बन्धित निकायले आवश्यकता अनुसार सहयोग तथा सहजीकरण गर्न सक्नेछन् ।

**११. उपभोक्ता संस्थाको विधान :** (१) उपभोक्ता संस्थाहरुको विधानमा देहाय बमोजिमका व्यवस्था समावेश गर्नुपर्नेछ :

(क) उपभोक्ता संस्थाको नाम, ठेगाना, कार्यक्षेत्र र श्रोत

(ख) उपभोक्ता संस्थाको उद्धेश्य र कार्यहरु

(ग) सदस्यता (सदस्य, सदस्य शूल्क, सदस्यता शूल्क छुट, सदस्यता नरहने आदि)

(घ) अधिवेशन, वार्षिक साधारण सभा, विशेष साधारण समा र अधिवेशन तथा साधारण सभाका कार्यहरु

(ङ) कार्यसमितिको गठन र कार्य समितिका काम, कर्तव्य र अधिकारहरु

(च) कार्यसमितिको बैठक र कार्यविधि

(छ) पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारहरु

(ज) अविश्वासको प्रस्ताव

(झ) उपभोक्ता संस्थाको कोष, सेवा शूल्क र आर्थिक श्रोत संकलन तथा चल अचल सम्पत्ति व्यवस्थापन, लेखा परीक्षण

(ञ) निर्वाचन सम्बन्धी व्यवस्था

(ट) विविध (विधान संशोधन, संस्था विघटन, विनियम बनाउन सक्ने व्यवस्था आदि)

(२) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको विधानमा स्थानीय आवश्यकता र उपभोक्ता संस्थाले सञ्चालन गर्ने खानेपानी आयोजनाको प्रकृतिका आधारमा थप व्यवस्थाहरु समावेश गर्न सकिनेछ ।

**१२. उपभोक्ता संस्थाको कोष :** (१) उपभोक्ता संस्थाको एक कोष रहनेछ र उक्त कोषमा उपभोक्ता सदस्यता शूल्क, खानेपानी तथा सरसफाइ सेवा शूल्क, नगरपालिका र विभिन्न निकाय तथा संघसंस्थाबाट प्राप्त रकम र कानुन बमोजिम प्राप्त रकम जम्मा गर्नुपर्नेछ ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ सम्बन्धी आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि नगरपालिका र विभिन्न सरकारी निकाय तथा गैरसरकारी संघसंस्थासँग सहयोग प्राप्त गर्न सक्नेछन् ।

(३) उपभोक्ता संस्थाले आफ्नो कोषमा भएको रकमलाई खानेपानी तथा सरसफाइ आयोजनाको दिगोपन तथा मर्मतसम्भार गर्न र अन्य कुनै निकायहरुसँगको सहलगानीमा खानेपानी तथा सरसफाइ आयोजना सञ्चालन एवम् विस्तार र स्तरोन्नतिका लागि समेत सदुपयोग गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्थाले आफ्नो विधानमा भएको व्यवस्था बमोजिम लेखा परीक्षक नियुक्त गरी संस्थाको वार्षिक आय व्ययको लेखापरीक्षण गराई वार्षिक साधारण सभाबाट पारित गर्नुपर्नेछ ।

## परिच्छेद ४
## अनुमतिपत्र सम्बन्धी व्यवस्था

१३. **अनुमतिपत्र लिनुपर्ने :** (१) इनरुवा नगरपालिकाको कुनै क्षेत्रमा कुनै कम्पनी वा उद्योगजस्ता व्यवसायिक संस्थाले नाफामूलक वा व्यापारिक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न आयोजना वा सेवा प्रणालीको सर्वेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको श्रोतको व्यवसायिक उपयोग गर्न चाहेमा तोकिए बमोजिम अनुमतिपत्र लिनुपर्ने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक रुपमा सामुहिक प्रयोजनका लागि उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ आयोजनाको सर्वेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थाद्वारा खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा प्रदान गर्न व्यवसायिक अनुमतिपत्र लिनुपर्ने छैन । तर, उपभोक्ता समितिले सेवा क्षेत्रको कम्तिमा २५% उपभोक्ताहरुको लागत सहभागिता सुनिश्चित भएको हुनु पर्नेछ।

(३) यस नगरपालिकाको क्षेत्रभित्र वा क्षेत्रबाट उपदफा (१) बमोजिम व्यापारिक, व्यवसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आयोजना वा सेवा प्रणाली सञ्चालन गर्न चाहने व्यवसायिक किसिमका संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक तथा प्रचलित कानुन बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन यस नगरपालिकाले तोकेको अन्य आवश्यक विवरण र अनुमतिपत्र दस्तुर समेत संलग्न गरी नगरपालिका समक्ष निवेदन दिनुपर्ने छ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदनमा छानविन गर्दा थप कागजात आवश्यक पर्ने वा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने देखिएमा यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सो बमोजिमका कागजातहरु पेश गर्न वा स्पष्ट गर्न बढीमा पन्ध्र दिनको समय दिन सक्नेछ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि धार्मिक साँस्कृतिक महत्व बोकेका क्षेत्रमा भने व्यक्ति वा संगठित संस्थालाई व्यवसायिक प्रयोजनका लागि अनुमतिपत्र प्रदान गरिने छैन।

**१४. अनुमतिपत्र दिनुपर्ने** : (१) दफा १३ बमोजिम परेको निवेदनमा नगरपालिकाले आवश्यक जाँचबुझ गर्दा आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषय भई अनुमतिपत्र दिन उपयुक्त देखिएमा त्यस्तो निवेदन परेको मितिले तीस दिनभित्र यस ऐन र अन्य प्रचलित कानुन बमोजिमका शर्तहरु समेत उल्लेख गरी निवेदक संस्थालाई व्यापारिक, व्यवसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आपूर्ति गर्न अनुमतिपत्र दिनुपर्ने छ।

(२) उपदफा (१) बमोजिमको अनुमतिपत्र प्रदान गर्दा बढीमा पाँच वर्षका लागि मात्र प्रदान गर्न सकिने छ र सो अवधिपश्चात् नगरपालिकाले तोकेको दस्तुर बुझाई बढीमा एक पटकमात्र अर्को पाँच वर्षका लागि अनुमतिपत्र नवीकरण गर्न सकिने छ।

(३) अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्रको अवधि समाप्त हुने वर्ष खानेपानी तथा सरसफाइ आयोजना सञ्चालनका लागि सम्बन्धित क्षेत्रमा उपभोक्ता संस्था स्थापना गरी सोही उपभोक्ता संस्थालाई वा नगरपालिकालाई आयोजना हस्तान्तरण गर्नुपर्ने छ।

(४) यो ऐन प्रारम्भ हुनुअघि व्यवसायिक तथा औद्योगिक रुपमा खानेपानी उपयोग गरिरहेका संगठित संस्थाले यो ऐन प्रारम्भ भएको मितिले एक सय असी दिनभित्र यस ऐन तथा प्रचलित कानुन बमोजिमको प्रक्रिया पूरा गरी अनुमतिपत्र लिनुपर्नेछ।

(५) उपदफा (१) र (४) बमोजिम अनुमतिपत्र नलिएका संगठित संस्थाले व्यापारिक तथा नाफामूलक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा, आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वा खानेपानीको श्रोतको व्यवसायिक तथा औद्योगिक उपयोग गर्न पाउने छैन ।

**१५. अनुमतिपत्र प्रदान नगरिने :** (१) यस ऐन वा प्रचलित कानुन बमोजिम उपभोक्ता संस्थाहरुद्वारा सामुदायिक रुपमा खानेपानी तथा सरसफाइ सेवा प्रदान भइरहेको क्षेत्रमा र व्यवसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न कुनै संगठित संस्थालाई अनुमति प्रदान गरिएको बसोबास क्षेत्र वा औद्योगिक क्षत्रेमा अर्को कुनै पनि संगठित संस्थालाई सोही प्रयोजनका लागि अनुमतिपत्र प्रदान गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै व्यवस्था गरिएको भए पनि अनुमति प्राप्त संस्थाले गुणस्तरीय सेवा प्रदान नगरेमा वा नियमित रुपमा खानेपानी सेवा आपूर्ति गर्न नसकेमा वा माग अनुसारको खानेपानी सेवा आपूर्ति गर्न नसकेमा वा कुनै कारणले त्यस्तो संस्था विघटन भएमा वा अनुमतिपत्र प्राप्त संस्थाको अनुमति खारेज भएमा उक्त क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्नका लागि यस ऐनमा गरिएको व्यवस्था अनुसार अर्को संस्थालाई नयाँ अनुमतिपत्र प्रदान गर्न सकिने छ ।

(३) उपभोक्ता संस्थाद्वारा सामुदायिक रुपमा खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा प्रदान गर्नका लागि प्रयोग भइरहेको खानेपानीको श्रोतमा प्रतिकूल असर पर्नेगरी व्यवसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न अनुमति प्रदान गरिने छैन ।

**१६. अनुमतिपत्र खारेज :** (१) देहायको अवस्थामा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले अनुमतिपत्रमा उल्लिखित काममा आवश्यक सुधार गर्न वा निर्माण कार्य सम्पन्न गरी सेवा सञ्चालन गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई आदेश दिन सक्नेछ :

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा

(ख) नियमित रुपमा खानेपानी तथा सरसफाइ सेवा उपलब्ध नगराएमा

(ग) खानेपानी तथा सरसफाइ सेवा प्रदान गरेवापत तोकिएकोभन्दा बढी शूल्क लिएमा,

(घ) अनुमतिपत्रमा उल्लिखित अवधिभित्र आयोजना वा सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापन नगरेमा

(२) उपदफा (१) बमोजिमको अवस्था विद्यमान भए नभएको पहिचान गर्नका लागि नगरपालिकाले अनुगमन समिति गठन गरी प्रतिवेदन तयार गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम दिइएको निर्देशन तथा आदेशको पालना नगरेमा नगरपालिकाको कार्यपालिकाले यस ऐन बमोजिम प्रदान गरेको अनुमतिपत्र खारेज गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुमतिपत्र खारेज गर्नुअघि नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई सात दिनको समय दिई आफ्नो सफाइ पेश गर्ने मौका दिनुपर्ने छ ।

## परिच्छेद ५
## खानेपानी तथा सरसफाइ सेवा सञ्चालन सम्बन्धी व्यवस्था

१७. **खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनुपर्ने :** (१) यस ऐन तथा प्रचलित कानुन बमोजिम अनुमति लिनु पर्ने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संगठित संस्थाले आफ्नो सेवा क्षेत्र भित्रका खानेपानी तथा सरसफाइ उपभोक्ताहरुले नियमित र न्यायोचित रुपमा खानेपानी तथा सरसफाइ सेवा उपयोग गर्न पाउनेगरी आवश्यक व्यवस्था गर्नुपर्ने छ ।

(२) आफ्नो सेवा क्षेत्रभित्र खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउँदा कुनै पनि आधारमा कुनै पनि भेदभाव गर्न पाइने छैन । तर, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अति विपन्न एवम् वञ्चितीमा परेका व्यक्तिहरुलाई विशेष सुविधा प्रदान गर्ने कुरालाई यसले वाधा पुर्याएको मानिने छैन ।

(३) यस ऐन बमोजिम खानेपानी सेवा उपलब्ध गराउँदा घरेलु उपयोग र सार्वजनिक प्रयोगको लागि आवश्यक व्यवस्था गरेरमात्र संस्थागत, व्यवसायिक तथा औद्योगिक प्रयोजनको लागि पानीको श्रोतको प्रयोग गर्नुपर्नेछ ।

(४) घरायसी तथा सार्वजनिक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनका लागि यस नगरपालिकाले उपभोक्ता संस्थालाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(५) यस ऐन बमोजिम अनुमतिप्राप्त संस्थाले आपसी सम्झौता गरी घरेलु, सार्वजनिक, संस्थागत, व्यवसायिक तथा औद्योगिक प्रयोजनका लागि प्रशोधित, अर्धप्रशोधित वा अप्रशोधित पानी थोक रुपमा बिक्री गर्न सक्नेछ । यसरी पानी उपलब्ध गराउँदा उपलब्ध गराइएको पानीको गुणस्तर मापदण्डबारे आवश्यक जानकारी प्रदान गर्नुपर्ने छ ।

(६) कुनै पनि कारणले खानेपानी आपूर्ति प्रणाली अवरुद्ध भएमा नगरपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा तत्काल मर्मतसम्भार गरी खानेपानी आपूर्ति गर्नुपर्ने छ र मर्मत सम्भार अवधिमा खानेपानी आपूर्तिका लागि अस्थायी वा वैकल्पिक व्यवस्था गर्नुपर्ने छ ।

(७) अनुमतिप्राप्त संस्थाले व्यवसायिक उपभोक्तालाई खानेपानी सेवा उपलब्ध गराउँदा पानी उपयोग गरेपश्चात् निस्कने फोहरपानीको व्यवस्थापनका लागि त्यस्ता व्यवसायिक उपभोक्तासँग आपसी सम्झौता गरी सेवा प्रदान गर्नुपर्ने छ ।

**१८ धारा तथा मिटर जडान :** (१) यस ऐन बमोजिम खानेपानी सेवा प्राप्त गर्न चाहने उपभोक्ताले धारा तथा मिटर जडानका लागि सम्बन्धित सेवा क्षेत्रको उपभोक्ता संस्था वा अनुमतिप्राप्त संस्था समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा १ बमोजिम निवेदन प्राप्त भएमा उपभोक्ता संस्था वा अनुमति प्राप्त संस्थाले निर्धारित शूल्क लिई समयमा नै धारा तथा मिटर जडान गरिदिनुपर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्राविधिक वा विशेष अवस्थाका कारण कुनै सेवा क्षेत्र भित्रका धाराहरुमा मिटर जडान गर्न अनुपयुक्त हुने भएमा अन्य उपयुक्त व्यवस्था गरी खानेपानी सेवा उपलब्ध गराउनुपर्ने छ ।

**१९. <u>ढल निकास सेवा सञ्चालन :</u>** (१) यस ऐन बमोजिम सेवा प्रदान गर्दा निस्किएको फोहर पानीको व्यवस्थापनका लागि उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले ढल निकास सेवा सञ्चालन गर्नुपर्ने छ ।

(२) उपदफा १ बमोजिम ढल निकास सेवा सञ्चालन गर्दा ढल निकास सेवा उपयोग गर्ने उपभोक्ताबाट संस्थाले निधाीरत दररेटमा ढल निकास सेवा शूल्क लिन सक्नेछ ।

**२० <u>सेवा बन्द गर्न सक्ने</u> :** काबुबाहिरको परिस्थिति उत्पन्न भई खानेपानी सेवा प्रणालीबाट उपलब्ध गराइरहेको खानेपानीको गुणस्तर कायम रहन नसक्ने भएमा वा सेवाको स्तरमा असर पर्ने भएमा वा सेवा बन्द गर्नुपर्ने भएमा त्यस्तो सेवा सुचारु हुन लाग्ने अनुमानित समय समेत उल्लेख गरी उपभोक्ता संस्था वा अनुमतिप्राप्त संस्थाले उपभोक्तालई उपयुक्त माध्यमबाट सो कुराको पूर्वजानकारी गराई खानेपानी सेवा बन्द गर्न सक्नेछ ।

(२) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले उपदफा (१) बमोजिम आफ्नो सेवा क्षेत्रभित्र खानेपानी तथा आधारभूत सरसफाइ सेवा बन्द गरेमा त्यस्ता संस्थाले वैकल्पिक व्यवस्था गरी उपभोक्तालाई खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनुपर्ने छ ।

(३) उपदफा (१) बमोजिम आफ्नो सेवा क्षेत्रभित्र उपभोक्ता संस्था वा अनुमतिप्राप्त संस्था आफैले निर्धारण गरेको समय तालिका बमोजिम नियमित रुपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शूल्क वा महसुल लिन पाउने छैन ।

(४) निर्धारित समयमा शूल्क वा महसुल नबुझाउने वा सेवाको दुरुपयोग गर्ने वा सेवा उपयोग गर्दा पालना गर्नुपर्ने शर्तको उल्लंघन गर्ने उपभोक्ताको सेवा सम्बन्धित संस्थाले पूर्वसूचना दिई बन्द गर्न सक्ने छ ।

(५) उपदफा (४) बमोजिम सेवा बन्द गराएकोमा उपभोक्ताले शूल्क वा महसुल बुझाई सेवा सुचारु गरिदिन निवेदन दिएमा सम्बन्धित संस्थाले निर्धारण गरेको शूल्क लिई बन्द भएको सेवा पुनः सुचारु गरिदिनुपर्ने छ । उपभोक्ताको कारणले कुनै हानी नोक्सानी भएको पाइएमा सम्बन्धित उपभोक्ताबाट त्यस्तो हानी नोक्सानी भएको रकम भराई लिन सक्नेछ ।

**२१. <u>निजी तथा सार्वजनिक जग्गामा पाइप बिछ्याउन वा अन्य संरचना बनाउन सक्ने :</u>** (१) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले उपभोक्तालाई खानेपानी सेवा उपलब्ध गराउने प्रयोजनको लागि प्रचलित कानुन बमोजिमको प्रक्रिया पूरा गरी निजी वा सार्वजनिक जग्गामा खानेपानी तथा ढल निकासको पाइप बिछ्याउन वा अन्य संरचना बनाउन सक्नेछ ।

(२) उपभोक्ता संस्था वा अनुमतिप्राप्त संस्थाले कुनै व्यक्तिको निजी जग्गामा पाइप विछ्याउन वा कुनै संरचना बनाउनु परेमा सम्बन्धित जग्गाधनीसँग उक्त जग्गा खरिद गर्न वा लिखित सम्झौता गरी लिजमा लिन वा आपसी सहमतिका आधारमा निःशुल्क लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निजी जग्गा प्राप्त गर्न नसकेमा वा जग्गा प्राप्त गर्न सम्भव नभएमा उपभोक्ता संस्था वा अनुमतिप्राप्त संस्थाले प्रचलित कानुन बमोजिम त्यस्तो जग्गा प्राप्त गर्नका लागि नगरपालिका समक्ष अनुरोध गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्था वा अनुमति प्राप्त संस्थाले खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा, आयोजना, प्रणाली निर्माण तथा सञ्चालनका लागि विछ्याएको पाइप वा निर्माण गरेको

संरचनाका कारण कसैको निजी सम्पत्ति हानी हुन गएमा त्यस्तो संस्थाले सोको उचित मुआब्जा र क्षतिपूर्ति दिनुपर्ने छ ।

२२. **घर जग्गामा प्रवेश गर्न सक्ने** : (१) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था वा यस ऐन बमोजिमको कामको सिलसिलामा खटिएको संस्थाको पदाधिकारी वा नगरपालिकाको पदाधिकारी वा कुनै सरकारी कर्मचारी कुनै व्यक्तिको घर जग्गामा प्रवेश गर्नुपर्ने भएमा सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिई त्यस्तो घरजग्गामा प्रवेश गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले खानेपानी सेवाको दुरुपयोग वा सेवाको अनधिकृत उपयोग गरिरहेको छ भन्ने अंका गर्नुपर्ने पर्याप्त आधार र कारण भएमा सोको लागि सूर्योदयदेखि सूर्यास्त नभएसम्मको समयमा पूर्वसूचना नदिई पनि त्यस्तो व्यक्तिको घरजग्गामा प्रवेश गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यमा संलग्न व्यक्तिले सम्बन्धित घरजग्गा धनीको कुनै पनि सम्पत्तिमा हानी नोक्सानी पुग्ने कार्य गर्नु हुँदैन । तर, त्यस्तो कार्यमा संलग्न व्यक्तिले कुनै हानी नोक्सानी गरेको पाइएमा संस्थाले सम्बन्धित व्यक्तिलाई न्यायोचित क्षतिपूर्ति दिनुपर्नेछ ।

२३. **सेवा प्रणालीसँग सम्बन्धित संरचनाको सुरक्षा :** (१) खानेपानी तथा सरसफाइ आयोजना वा सेवा प्रणालीको सुरक्षाको लागि उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाको लिखित अनुरोधमा वा त्यस्तो प्रणालीको सुरक्षा गर्न आवश्यक भएमा नेपाल सरकार, प्रदेश सरकार तथा यस नगरपालिकाले आवश्यक सुरक्षा व्यवस्था गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त संस्थाको अनुरोधमा सुरक्षा व्यवस्था गरिएकोमा त्यसको लागि लाग्ने सम्पूर्ण खर्च सोही अनुमतिपत्र प्राप्त संस्थाले व्यहोर्नुपर्ने छ ।

२४. **सार्वजनिक शौचालय निर्वाध प्रयोग गर्न दिनुपर्ने :** (१) यस नगरपालिकाभित्र निर्माण भएका वा सार्वजनिक शौचालयको रुपमा परिभाषित गरिएका शौचालयहरु प्रयोगकर्तालाई निर्वाध रुपमा प्रयोग गर्न दिनुपर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि तपसिल बमोजिमका शौचालयलाई सार्वजनिक शौचालयको रुपमा लिइने छ :

(क) सार्वजनिक शौचालयकै रुपमा निर्माण भई सञ्चालन भएका शौचालय,

(ख) पेट्रोल पम्प र चार्जिङ स्टेशनमा रहेका शौचालय

(ग) कार्यालय समयभित्रका लागि नगरपालिका र मातहतका कार्यालयमा रहेका शौचालय

(घ) आफ्नो शौचालयलाई सार्वजनिक शौचालयको रुपमा प्रयोग गर्नका लागि नगरपालिकासँग सम्झौता भएका होटल व्यवसायमा रहेका तथा अन्य शौचालयहरु

(३) उपदफा (२) को खण्ड (ख), (ग) र (घ) मा उल्लेख भएका शौचालयको प्रयोग गर्दा प्रयोगकर्ताबाट कुनै शूल्क लिन पाइने छैन भने खण्ड (क) बमोजिमका शौचालय प्रयोग गर्दा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ६
## महसुल तथा सेवा शूल्क सम्बन्धी व्यवस्था

२५. **खानेपानी तथा सरसफाइ महसुल निर्धारण :** (१) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थाले उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल सम्बन्धित उपभोक्ता संस्थाको साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ र यसरी निर्धारण गरेको महसुल दरको जानकारी नगरपालिकालाई उपलब्ध गराउनुपर्नेछ ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर, उपभोक्ताको योगदान, उपभोक्ताको वृहत्तर हित, उपभोक्ताको क्रयशक्ति, नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाको नीति र खानेपानी तथा सरसफाइमा पहुँचको हक सम्बन्धी मौलिक हकलाई समेत आधार मान्नुपर्ने छ ।

(३) नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले उपदफा २ बमोजिमका सूचकका आधारमा निर्धारण गर्ने खानेपानी महसुलमा सम्भव भएसम्म एकरुपता कायम राख्न वा व्यापक अन्तर हुन नदिनका लागि आवश्यक निर्देशन दिन सक्नेछ ।

(४) अनुमतिपत्र प्राप्त संस्थाले व्यवसायिक तथा व्यापारिक र औद्योगिक प्रयोजनका लागि उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल यस नगरपालिकाको परामर्शमा खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

२६. **महसुल तथा शूल्क लिन सक्ने :** (१) उपभोक्ताले खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा उपयोग गरेवापत उपभोक्ता संस्थाले साधारण सभाले निर्धारण गरे बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले आयोगले निर्धारण गरे बमोजिमका आधार र मापदण्डको अधीनमा रही उपभोक्तासँग महसुल तथा सेवा शूल्क लिन सक्नेछ ।

(२) उपभोक्ताले खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा उपयोग गरेवापतको महसुल तथा सेवा शूल्क सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थालाई बुझाउनुपर्नेछ ।

(३) व्यापारिक वा व्यवसायिक रुपमा खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त संस्थाले आफ्नो सेवा क्षेत्रभित्र निर्धारित समय तालिका बमोजिम नियमित रुपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शूल्क वा महसुल लिन पाउने छैन ।

(४) उपदफा (१) र (२) मा जुनसुकै व्यवस्था गरिएको भए तापनि उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले सम्बन्धित वडा कार्यालयले गरिब तथा विपन्न भनी पहिचान र सिफारिस गरेका व्यक्ति तथा परिवारलाई धारा र मिटर जडान, शौचालय पुनःनिर्माण तथा मर्मतसम्भार र स्तरोन्नति, ढल जडान वापतको शूल्क तथा खानेपानीको महसुल लगायतका सेवामा नगरपालिकाको नीति र निर्णय बमोजिम छुट तथा सहुलियत दिनुपर्ने छ ।

२७. **मिनाहा वा छुट दिन सक्ने :** प्रकोप वा अन्य कुनै विषम परिस्थितिका कारण कुनै खास क्षेत्रका उपभोक्ता, गरिब तथा विपन्न परिवार वा सीमान्तकृत परिवारले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त सञ्चालन तथा व्यवस्थापन गरेको खानेपानी सेवाको महसुल तिर्न असमर्थ भएमा त्यस्ता उपभोक्ताले तिर्नुपर्ने महसुल घटाउन वा मिनाहा दिन सक्छे ।

२८. **असुलउपर गर्न सक्ने :** यस ऐन बमोजिम खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा उपयोग गरेवापतको महसुल तथा जरिवानाको रकम नबुझाउने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो रकम प्रचलित कानुन बमोजिम असुलउपर गर्न सक्नेछ।

## परिच्छेद ७
## खानेपानी तथा सरसफाइको गुणस्तर मापदण्ड सम्बन्धी व्यवस्था

२९. **स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नुपर्ने :** (१) यस ऐन बमोजिम अनुमति लिनु नपर्ने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी आपूर्ति गर्दा स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नुपर्नेछ।

(२) खानेपानी आपूर्ति गर्दा पानीको गुणस्तर र स्वच्छता कायम गर्नका लागि पानी प्रशोधन गर्नुपर्ने भएमा प्रशोधन गरेरमात्र खानेपानी आपूर्ति गर्नुपर्नेछ।

(३) सञ्चालनमा रहेका प्रशोधन प्रणाली जडान तथा सञ्चालन गर्न उपयुक्त नहुने देखिएका साना खानेपानी आयोजनाबाट पानी उपभोग गर्ने उपभोक्ताले घरेलु विधिबाट पानीको शुद्धीकरण गरेरमात्र उपभोग गर्नुपर्नेछ।

३०. **गुणस्तर मापदण्ड तोक्ने :** (१) खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवाको सञ्चालन तथा व्यवस्थापमा अवलम्वन गर्नुपर्ने गुणस्तर मापदण्डहरु नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछन्।

(२) नेपाल सरकराले निर्धारण गरेको न्यूनतम मापदण्ड अन्तर्गत रही यो मापदण्डमा तोकेको गुणस्तरभन्दा न्यून नहुनेगरी यस नगरपालिकाले आफ्नो क्षेत्रका लागि खानेपानी तथा सरसफाइ र स्वच्छताका सम्बन्धमा आवश्यक मापदण्ड तोक्न सक्नेछ।

(३) उपभोक्ता संस्था र अनुमतिपत्र प्राप्त संस्थाले उपदफा (१) र (२) बमोजिम तोकिएको गुणस्तर र मापदण्डको पालना गर्नुपर्नेछ।

(४) नगरपालिकाले नेपाल सरकारले तोकको मापदण्ड अनुरुप हुनेगरी खानेपानी तथा फोहर पानीको गुणस्तर मापन तथा परीक्षणका लागि प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्न सक्नेछ। यसको सञ्चालन यसै ऐनको अधीनमा रही तयार गरिएको कार्यविधिका आधारमा हुनेछ।

(५) उपदफा (४) बमोजिम यस नगरपालिकाले आफै प्रयोगशाला स्थापना र सञ्चालन गर्न नसकेको अवस्थामा उपभोक्ता संस्था वा कुनै सेवा प्रदायक संस्थाले स्थापना गरेको प्रयोगशालाबाट खानेपानीको गुणस्तर मापन तथा परीक्षण गराउन सक्नेछ।

३१. **वातावरणीय अध्ययन गर्ने :** खानेपानी तथा सरसफाइ सम्बन्धी नयाँ आयोजना निर्माण गर्दा कुनै आयोजनाको वातावरण संरक्षण सम्बन्धी प्रचलित कानुन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी स्वीकृत गराउनुपर्ने भएमा सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले उक्त कानुनी व्यवस्थापनको पालना गर्नुपर्नेछ।

३२. **नदी तथा ताल तलैयाको जल गुणस्तर मापदण्ड :** साँस्कृतिक, धार्मिक पर्यटकीय महत्वका क्षेत्र र बस्तीसँग जोडिएका वा विभिन्न स्थानमा रहेका नदी, तालतलैया, पोखरी, जलाशय तथा कुण्ड वा

धाराहरुको वातावरणीय स्वास्थ्य र जलको गुणस्तरमा मानव सृजित वा मानवीय क्रियाकलापको कारण परिरहेको वा पर्न सक्ने प्रभाव न्यूनीकरण गरी स्वच्छतता र सुन्दरता कायम राख्न नेपाल सरकार तथा प्रदेश सरकारले निर्धारण गरेका मापदण्ड समेतलाई आधार मान्दै नगरपालिकाले आवश्यक मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

३३. **फोहोर पानी प्रशोधन गर्नुपर्ने :** (१) कसैले पनि नेपाल सरकार, प्रदेश सरकार र यस नगरपालिकाले निर्धारण गरेको मापदण्ड विपरीत मानव मलमूत्र सहित वा रहितको फोहोर पानी वा अन्य कुनै प्रकारको ठोस बस्तु ढल प्रणालीमा विसर्जन गर्न वा मानव मलमूत्रलाई सिधै नदी, खोला, तालतलैया, जलाशय वा सार्वजनिक जग्गामा मिसाउन वा पठाउन पाइने छैन ।

(२) कसैले आफूबाट उत्सर्जित फोहोर पानी वा बस्तु ढल निकास प्रणालीमा मिसाउनुपर्ने भएमा प्रशोधन गरी प्रचलित कानुन बमोजिम तोकिएको मापदण्डको सीमाभित्र रही मिसाउनुपर्ने छ ।

(३) यस नगरपालिकाले आफै वा उपभोक्ता संस्थाले यस नगरपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा फोहर पानी प्रशोधन गर्ने संरचना स्थापना र सञ्चालन गर्न सक्नेछ ।

३४. **सरसफाइ तथा स्वच्छता कार्यक्रम सञ्चालन गर्ने :** (१) नगरपालिकाले उपभोक्ता संस्था र विभिन्न स्थानीय समुदाय, सरकारी, गैरसरकारी एवम् अन्तर्राष्ट्रिय गैरसरकारी र निजी क्षेत्रसँगको सहकार्य तथा समन्वयमा बस्तीलाई स्वच्छ, सफा र सुन्दर बनाई राख्न तथा सरसफाइ र स्वच्छता सम्बन्धी विभिन्न कार्यक्रम र अभियान सञ्चालन गर्न वा गराउन सक्नेछ ।

(२) शौचालय निर्माण तथा प्रयोग नगर्ने परिवार वा व्यक्तिका लागि नगरपालिकाले सामाजिक सुरक्षा सेवा र अन्य अनुदानमा अस्थायी रुपमा रोक लगाउन सक्नेछ ।

(३) नगरपालिकाले आफ्नो क्षेत्रभित्र विभिन्न विकास साझेदार र गैरसरकारी तथा समुदायमा आधारित संस्थासँगको साझेदारीमा पूर्ण सरसफाइ कार्यक्रम सञ्चालन गर्नेछ, जसका सूचकहरु खानेपानी, सरसफाइ तथा स्वच्छता अनुगमन मार्गदर्शनमा उल्लेख भए बमोजिम हुनेछन् ।

(४) सफा र स्वच्छ क्षेत्रका सूचक पूरा गरेका घरधुरीलाई नगरपालिकाले प्रमाणीकरण गरी हरियो स्टिकर प्रदान गर्न सक्नेछ ।

३५. **अनुगमन तथा नियमन :** (१) नगरपालिकाले नेपाल सरकार वा प्रदेश सरकार सँगको समन्वयमा उपभोक्ता संस्था तथा अनुमतिप्राप्त संस्थाबाट आपूर्ति भएको खानेपानीको गुणस्तर तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवाको स्तरको बारेमा नियमित रुपमा अनुगमन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा नगरपालिका तथा वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति र नगरपालिकामा रहेको अनुगमन समितिले नगरपालिकाद्वारा तयार पारिएको खानेपानी, सरसफाइ तथा स्वच्छता मार्गदर्शन अनुरुप अनुगमन गर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमनका क्रममा नगरपालिकाले खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवाको स्तरमा सुधार गर्न आवश्यक देखेमा वा खानेपानी तथा फोहरपानीको नमूना परीक्षण गर्दा गुणस्तर तथा मापदण्ड बमोजिम नभएको पाइएमा सम्बन्धित उपभोक्ता संस्था तथा अनुमतिप्राप्त संस्थालाई गुणस्तर तथा मापदण्ड कायम गर्न निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम दिइएको निर्देशन पालना गर्नु सम्बन्धित उपभोक्ता संस्था, अनुमतिपत्र प्राप्त संस्था र उपभोक्ताको कर्तव्य हुनेछ।

**३६. क्षतिपूर्ति भराइदिन सक्ने** : (१) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले तोकिएको मापदण्ड बमोजिमको खानेपानी उपलब्ध **न**गराएको प्रमाणित भएमा वा त्यस्तो खानेपानी उपयोग गर्दा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्न गएमा त्यस्तो उपभोक्ता संस्था वा अनुमतिप्राप्त संस्थाले प्रभावित उपभोक्तालाई प्रचलित कानुनमा निर्धारण गरिए बमोजिमको क्षतिपूर्ति भराई दिनुपर्ने छ।

(२) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था वा नगरपालिकासँग सम्झौता गरी सरसफाइ सेवा प्रदान गरिरहेको कुनै पनि संस्थाले ठोस फोहर एवम् दिसाजन्य लेदो संकलन तथा ढुवानीका क्रममा तोकिएको स्थानबाहेकको स्थानमा चुहाइ वा खसाली त्यसबाट मानव स्वास्थ्यमा प्रतिकूल असर पुगेको भनी उजुरी परेमा नगरपालिकास्तरीय समितिबाट अनुगमन गरी दावी सही ठहरिन गएमा सो संस्थालाई फोहरमैला व्यवस्थापन ऐन तथा नियमावली बमोजिम कारवाही हुनेछ।

(३) कसैले खानेपानी वा सरसफाइ र स्वच्छता सम्बन्धी आयोजना वा सेवा प्रणाली र त्यसको संरचनामा कुनै पनि किसिमको हानी नोक्सानी वा क्षति पुऱ्याएमा सो सम्बन्धी मुद्दा हेर्ने अधिकारीले क्षतिपूर्ति वापत उचित रकम भराइदिन सक्नेछ।

**३७. कसुर र सजायँ :** (१) कसैले देहायको कुनै काम गरे वा गराएमा यस ऐन अन्तर्गत कसुर गरेको मानिने छ :

(क) अनुमति नलिई खानेपानी सेवा, सरसफाइ सेवा, आयोजना वा सेवा प्रणालीको निर्माण वा सञ्चालन गरेमा

(ख) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्रमा तोकिएको सेवा क्षेत्रभित्र खानेपानी प्रणालीबाट नियमित रुपमा खानेपानी सेवा उपलब्ध नगराएमा

(ग) खानेपानी सेवा तथा सरसफाइ सेवाको अनधिकृत प्रयोग गरेमा वा त्यसको दुरुपयोग गरेमा

(घ) अनुमितपत्र प्राप्त संस्थाले जडान गरेको निजी धारामा उपभोक्ताले सो संस्थाको स्वीकृतिविना कुनै अवाञ्चित फाइदा लिने उद्धेश्यले कुनै कार्य गरेमा

(ङ) खानेपानीको पाइपबाट कुनै यन्त्र जडान गरी अनाधिकार पानी प्रयोग गर्ने कार्य गरेमा

(च) जलाधार क्षेत्र वा श्रोत क्षेत्रभित्र खानेपानी प्रदूषित गर्ने वा पानीको परिमाण वा बहावमा असर पर्ने कुनै कार्य गरेमा

(छ) खानेपानी सेवा, सरसफाइ सेवा, आयोजना वा सेवा प्रणालीको कुनै संरचना वा जडित पाइप वा सामान वा जडित मिटर वा प्रशोधन प्रणाली वा अन्य उपकरण बिगारे वा नष्ट गरेमा

(ज) तोकिएको मापदण्ड विपरीत मानव मलमुत्र सहित वा रहितको फोहोरपानी ढल निकास प्रणालीमा विसर्जन गरेमा वा मानव मलमुत्रलाई सिधै नदी, खोला, तालतलैया, जलाशय वा सार्वजनिक जग्गामा मिसाए वा पठाएमा

(झ) नेपाल सरकारले तोकेको गुणस्तर तथा मापदण्ड बमोजिम सेवा स्तर र गुणस्तर कायम नगरेमा वा तोकिएको गुणस्तर बमोजिमको खानेपानी आपूर्ति नगराएमा

(ञ) अनुमतिपत्र प्राप्त संस्थाले यस ऐन बमोजिम निर्धारण भएको महसुल वा निर्धारित आधार र मापदण्ड विपरीत महसुल लिएमा

(ट) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्नुपर्ने काम नगरेमा वा गर्न नहुने काम गरेमा

(ठ) खुला स्थानमा दिसा गरेमा र प्लास्टिकजन्य तथा सीसाजन्य फोहर फ्याँकेमा

(ड) पानीको श्रोत नजिक पशुबस्तु चरिचराउन गर्न तोकिएको मापदण्ड पालन नगरेमा

(ढ) म्याद नाघेका विषादी खुला स्थानमा विसर्जन गरेमा वा धुलाएमा

(ण) अन्य कुनै पनि रासायनिक मल तथा रासायनिक विषादीबाट पानीको श्रोत प्रदूषित गरेमा

(२) खानेपानी तथा सरसफाइ सम्बन्धी दण्ड सजायसम्बन्धी व्यवस्था खानेपानी तथा सरसफाइ सम्बन्धी संघीय कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

## परिच्छेद ८
## स्वच्छता सुविधा सम्बन्धी व्यवस्था

३८. **स्वच्छता सुविधा सुनिश्चित हुनुपर्ने** (१) नगरपालिका क्षेत्रभित्र रहेका कुनै पनि कार्यालय, संघसंस्था, विद्यालय र सार्वजनिक स्थलहरुमा स्वच्छता सुविधा सुनिश्चित गरिएको हुनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमका सुविधा सुनिश्चित गर्नका लागि तपसिल बमोजिमको व्यवस्था गरिएको हुनुपर्नेछ :

(क) बालमैत्री तथा अपांगतामैत्री साबुन पानीले हात धुने व्यवस्था

(ख) विपद् तथा महामारीको समयमा र आवश्यकता अनुसार हातको स्वच्छता कायम राख्नका लागि सेनिटाइजर (ABHR) को व्यवस्था

(ग) सेनिटरी प्याड सहित महिनावारीमैत्री शौचालय

(घ) विद्यालयको हकमा समूहमा साबुन पानीले हात धुने सुविधा

३९. **वार्षिक कार्यक्रममा समावेश गर्नुपर्ने :** (१) नगरपालिकाको वार्षिक विकास योजनामा स्वच्छता प्रवर्द्धन सम्बन्धी क्रियाकलाप अनिवार्य रुपमा समावेश गर्नुपर्नेछ।

(२) विद्यालय, संघसंस्था र कार्यालयहरुको अनुगमनका क्रममा स्वच्छता सुविधालाई एक प्रमुख सूचकको रुपमा समावेश गर्नुपर्नेछ।

(३) विद्यालयको वार्षिक सुधार योजनामा स्वच्छता सुविधा, स्वच्छता शिक्षा र स्वच्छता व्यवहार परिवर्तनको विषयलाई अनिवार्य रुपमा समावेश गर्नुपर्नेछ।

४०. **मर्यादित महिनावारीमैत्री घोषणा गर्नुपर्ने :** (१) यस नगरपालिका क्षेत्रभित्र महिनावारीका आधारमा कोही पनि व्यक्तिउपर कुनै पनि किसिमको विभेद गर्न पाइने छैन।

(२) नगरपालिका मर्यादित महिनावारी स्वच्छता अभ्यासको सुनिश्चितताका लागि मर्यादित महिनावारी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउनुपर्नेछ।

(३) यो ऐन जारी भएको पाँच वर्षभित्र नगरपालिकालाई मर्यादित महिनावारी स्वच्छतामैत्री स्थानीय तह घोषणा गर्नका लागि नगरपालिकाले विशेष योजना बनाई कार्यान्वयनमा ल्याउनेछ।

(४) उपदफा (२) बमोजिमको अभियान सञ्चालन गर्दा पहिलो चरणमा कार्यालय तथा संघसंस्थाहरुले र दोस्रो चरणमा सम्पूर्ण वडाहरुले मापदण्ड पूरा गरी मर्यादित महिनावारी सुनिश्चित भएको स्वघोषणा गर्नुपर्नेछ ।

४१. **खानाको स्वच्छता कायम राख्नुपर्ने :** (१) यस नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने सम्पूर्ण होटल रेष्टुराँ, विद्यालय, संघसंस्था तथा घरधुरीले खाद्य स्वच्छता तथा गुणस्तर कायम राख्नुपर्नेछ ।

(२) इनरुवा नगरपालिकाको खाद्य स्वच्छता तथा गुणस्तर अनुगमन निर्देशिका बमोजिम अनुगमन गर्दा खाद्य स्वच्छता कायम नराखेको भेटिएमा त्यस्ता व्यवसायिक होटल रेष्टुराँ, विद्यालय, व्यवसाय तथा संघसंस्थालाई नियमानुसार कारवाही गरिने छ ।

(३) सफा र स्वच्छ क्षेत्रको एक प्रमुख सूचकको रुपमा रहेको खाद्य स्वच्छताको अवस्था कायम राख्नु सम्पूर्ण घरधुरी र नगरबासीको दायित्व हुनेछ ।

## परिच्छेद ९
## विविध

४२. **खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति :** (१) नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी नीति तथा योजना तर्जुमा, कार्यान्वयन र गुणस्तरका सम्बन्धमा नगरपालिकालाई सहयोग दिन र प्रभावकारिता ल्याउन, खानेपानी तथा सरसफाइ सम्बन्धी उपभोक्ता संस्था र अन्य संघसंस्था तथा निकायसँग समन्वय गर्न, खानेपानी तथा सरसफाइका विषयमा सृजना हुने स्थानीय विवाद समाधानमा सहजीकरण गर्न र खानेपानी, सरसफाइ तथा स्वच्छताको प्रवर्द्धनका लागि प्रभावकारी समुदाय परिचालनमा सहयोग गर्न देहाय बमोजिमको एक खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछ :

(क) इनरुवा नगरपालिका नगर प्रमुख : अध्यक्ष

(ख) इनरुवा नगरपालिका उपप्रमुख : उपाध्यक्ष

(ग) वडा अध्यक्षहरु : सदस्य

(घ) खानेपानी तथा सरसफाइ शाखा प्रमुख सदस्य

(ङ) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुको तर्फबाट एक जना महिला सहित दुई जना सदस्य

(च) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट एक जना : सदस्य

(छ) नगरपालिकास्तरीय बाल सञ्जालबाट कम्तिमा एक जना छात्रा सहित दुई जना : सदस्य

(ज) महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एक जना : सदस्य

(झ) खानेपानी तथा सरसफाइ क्षेत्रमा कार्यरत गैरसरकारी संस्था, कार्यक्रम वा सामुदायिक संस्थाहरु मध्येबाट एक जना : सदस्य

(ञ) नगरपालिकाको वातावरण तथा विपद् शाखा संयोजक : सदस्य

(ट) नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत : सदस्य सचिव

(२) उपदफा (१) समितिको पदावधि तीन वर्षको हुनेछ ।

(३) उपदफा (१) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) नगरपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको बैठक समितिले तयार गरेको कार्यविधि अनुसार हुनेछ।

(५) नगरपालिकास्तरीय समितिले कार्यविधि तयार गरी समावेशी र नागरिक सहभागिता सुनिश्चित हुनेगरी वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन गर्न सक्नेछ।

(६) समितिको बैठकमा खानेपानी, सरसफाइ तथा स्वच्छता विषयका विज्ञ र सरोकारवालालाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ।

४३. **खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन :** इनरुवा नगरपालिकाले नेपाल सरकारले निर्दिष्ट गरेको एनवास सफ्टवेयरको सहयोगमा तयार गरिएको नगरपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाका साथै अन्य स्थानीय योजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ।

(२) नगरपालिकाले तर्जुमा गरेको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना कार्यान्वयनका लागि उपभोक्ता संस्था र सम्बन्धित सबै निकाय र सरोकारवालाले सहयोग गर्नुपर्नेछ।

(३) खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी योजनामा आवश्यकता अनुसार आवधिक रुपमा परिमार्जन गर्न सकिनेछ।

(४) प्रकोप तथा आपतकालीन समयमा खानेपानी तथा सरसफाइ सेवाको नियमितताका लगि यस दफा बमोजिम तर्जुमा गरिने योजनामा विशेष व्यवस्था गर्नुपर्नेछ।

४४. **सूचकमा आधारित भई अनुगमन गर्नुपर्ने :** (१) पूर्ण सरसफाइ मार्गदर्शन २०७३ अनुसार कुनै पनि क्षेत्रलाई सफा र स्वच्छ क्षेत्र घोषणा गर्नका लागि एक तह माथिको खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले सूचकमा आधारित भई प्रमाणीकरण अनुगमन गर्नुपर्नेछ।

(२) अनुगमनका सूचकहरु देहाय बमोजिम रहेका छन् :

(क) चर्पीको नियमित प्रयोग

(ख) जोखिमपूर्ण अवस्थामा साबुन पानीले हात धुने अभ्यास सहित व्यक्तिगत सरसफाइ तथा स्वच्छता

(ग) घरायसी सरसफाइ

(घ ) खानाको स्वच्छता

(ङ) पानीको स्वच्छता

(च) वातावरणीय सरसफाइ

(छ) संस्थागत व्यवस्था र दिगोपन

(३) उल्लेखित सूचक, उपसूचक, अंकभार र अनुगमनको विधि तथा प्रक्रिया खानेपानी सरसफाइ तथा स्वच्छता अनुगमन मार्गदर्शन २०८० बमोजिम हुनेछ।

४५. **विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छतामा तारा पद्धति लागू गर्ने :** (१) सम्पूर्ण विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्था सृजना गरी समावेशी र सन्तुलित अध्ययन अध्यापनको वातावरण सृजना गर्नका लागि विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छतामा तारा पद्धति लागू गर्नुपर्ने छ।

(२) तारा पद्धति कार्यान्वयनमा ल्याउनका लागि नगरपालिकाले "विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधि" तयार गरी कार्यान्वयनमा ल्याउने छ।

(३) तारा पद्धति अनुसार वि.सं. २०८७ सम्म सम्पूर्ण विद्यालयलाई खानेपानी, सरसफाइ तथा स्वच्छतामा तीन ताराको स्तरमा पुऱ्याउनुपर्ने छ।

४६. **विवरण उपलब्ध गराउने :** (१) नगरपालिकाले प्रदेशको सम्बन्धित मन्त्रालय मार्फत वा सिधै देहायको विवरणहरु सम्बन्धित संघीय मन्त्रालय समक्ष वार्षिक रुपमा र आवश्यकता अनुसार उपलब्ध गराउने छ :

(क) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थाहरुको संख्या र सोबाट लाभान्वित जनसंख्या

(ख) अनुमतिपत्र प्रदान गरिएका संगठित संस्थाको संख्या र सोबाट लाभान्वित जनसंख्या

(ग) नेपाल सरकार वा प्रदेश सरकारले माग गरेका अन्य विवरणहरु

(२) उपदफा (१) को प्रयोजनका लागि नगरपालिकामा खानेपानीको श्रोत र परिमाण, गुणस्तर, लाभान्वित क्षेत्र र खानेपानी तथा सरसफाइ प्रणालीका महत्वपूर्ण तथा मुख्य विषयहरु प्रष्ट रुपमा देखिनेगरी राखिने छ र यस्ता विवरणहरु आवश्यकता अनुसार समय समयमा खानेपानी तथा सरसफाइ सम्बन्धी विद्युतीय एकीकृत नक्सामा समावेश गर्नका लागि नेपाल सरकारलाई उपलब्ध गराउन सकिनेछ।

(३) आफ्ना उपभोक्ता वा ग्राहक वा सेवाग्राहीको अद्यावधिक तथ्यांक खानेपानी तथा सरसफाइ सेवा प्रदायकले नगरपालिकाको खानेपानी तथा सरसफाइ शाखा वा सूचना प्रविधि शाखासँग समन्वय गरी एनवास राष्ट्रिय सूचना प्रणालीमा अद्यावधिक गर्नुपर्नेछ।

(४) यस नगरपालिकाले उपदफा (२) बमोजिम राखेको विवरणलाई अनुगमन, विश्लेषण र दस्तावेजीकरणका लागि उपयोग गर्न सकिने छ।

४७. **पुरस्कार सम्बन्धी व्यवस्था :** खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघसंस्था वा समुदायलाई नगरपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ।

४८. **निर्देशन दिन सक्ने :** नगरपालिकाले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था वा सेवा प्रदायक संघसंस्थालाई खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन र उपभोक्ता सेवाका विषयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

४९. **अधिकार प्रत्यायोजन :** (१) नगरपालिका नगर प्रमुखले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार उपाध्यक्ष वा प्रमुख प्रशासकीय अधकृत वा कुनै सदस्य वा सम्बन्धित कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछन्।

५०. **नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्ने :** यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनका लागि नगरपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ।

**५१. <u>बचाउ तथा खारेजी र बाझिएमा गर्ने :</u>** (१) यस नगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छताका विषयमा यसअघि विभिन्न कार्यविधिका आधारमा गरेका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

**आज्ञाले,**

**डिल्लीराज निरौला**

**प्रमुख प्रशासकीय अधिकृत**